नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २७२

मितिः २०८२/१०/२६

नेपाल संवत् ११४६

विषयः हिमाल सफा राख्ने सम्बन्धी कार्ययोजना (२०८२-२०८६) कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन प्रवर्द्धन शाखाको प.सं. २०८२/०८३, च.नं. ४५, मिति २०८२/१०/२१ को हिमाल सफा राख्ने सम्बन्धी कार्ययोजना (२०८२-२०८६) कार्यान्वयन सम्बन्धी पत्र, स्थानीय तहहरुको सूची र सोसाथ प्राप्त हिमाल सफा राख्ने सम्बन्धी कार्ययोजना (२०८२-२०८६) आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन प्रवर्द्धन शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(पर्यटन प्रवर्द्धन शाखा)

फोन : ४२११५९६
फ्याक्स: ४२११७५८
इमेल:
promotion@tourism.gov.np
वेब साइट: www.tourism.gov.np

पत्र संख्या : ०८२/८३
चलानी नं: ४५

सिंहदरबार, काठमाडौं।
मितिः२०८२/१०/२१
नेपाल सम्बत्: ११४६

**विषयः हिमाल सफा राख्ने सम्बन्धी कार्ययोजना कार्यान्वयनका लागि आवश्यक समन्वय/सहजीकरण सम्बन्धमा।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(स्थानीय तह समन्वय शाखा)
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा हिमाल आरोहण र यससँग सम्वन्धित कार्यबाट सिर्जित फोहोरमैला व्यवस्थापन गरी वातावरणीय प्रदूषण न्यूनीकरण गर्न आरोहणका लागि खुला गरिएका हिमालहरु सफा राख्ने उद्देश्यकासाथ सरोकारवालाहरुसँगको अन्तरक्रिया/समन्वयमा तर्जुमा गरिएको **"हिमाल सफा राख्ने सम्बन्धी कार्ययोजना (२०८२-२०८६)"** यस मन्त्रालय मा.मन्त्रीस्तरबाट मिति २०८२।८।२८ मा स्वीकृत भएको व्यहोरा अनुरोध छ। उक्त कार्ययोजना संलग्न विवरण बमोजिमका स्थानीय तहहरुमा कार्यान्वयनका लागि पठाउने व्यवस्थाका लागि सहजीकरण गरिदिनुहुन निर्णयानुसार अनुरोध छ। साथै उल्लिखित कार्य योजनाको छाँयाप्रति यसैसाथ संलग्न राखी पठाइएको र मन्त्रालयको वेवसाइट www.tourism.gov.np मा समेत उपलब्ध रहेको व्यहोरा अनुरोध छ।

आवश्यक कार्यार्थः
श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौः
- संलग्न कार्ययोजना कार्यान्वयनको व्यवस्था गर्नुहुन।

(करुणा आचार्य)
शाखा अधिकृत

हिमाल सफा राख्ने सम्बन्धी कार्ययोजना कार्यन्वयनका लागि स्थानिय तहको विवरण

| S.No | peak name | elevation in metres | district | gaupalika/nagarpalika |
|---|---|---|---|---|
| 1 | Dhaulagari | 6638 | Bajhang | Kanda |
| 2 | Karko | 6015 | Bajhang | Kanda |
| 3 | Khiurikala | 5795 | Bajhang | Kanda |
| 4 | Phirankoph West | 6745 | Bajhang | Kanda |
| 5 | Raksha Urai | 6609 | Bajhang | Kanda |
| 6 | Surma Sarovar North | 6397 | Bajhang | Kanda/Bungal NP |
| 7 | Gurans | 6744 | Bajhang/NC | Kanda/NC |
| 8 | Nampa South | 6180 | Darchula | Api Himal/Byas |
| 9 | Api | 7132 | Darchula | Byas |
| 10 | Api West | 7076 | Darchula | Byas |
| 11 | Nampa | 6729 | Darchula | Byas |
| 12 | Nampa II | 6585 | Darchula | Byas |
| 13 | Lhayul Peak | 6395 | Darchula | Byas/Api Himal |
| 14 | Bobaye Chuli | 6808 | Darchula/Bajhang | Api Himal/Kanda |
| 15 | Jethi Bahurani Chuli | 6850 | Darchula/Bajhang | Api Himal/Kanda |
| 16 | Kap Chuli | 6468 | Darchula/Bajhang | Api Himal/Kanda |
| 17 | Nampa Chuli | 6611 | Darchula/Bajhang | Byas/Api Himal/Kanda |
| 18 | Yoko Pahad | 6423 | Darchula/Bajhang | Byas/Kanda |
| 19 | Yarwa | 6644 | Darchula/Bajhang/NC | Byas/Kanda/NC |
| 20 | Jyachhung | 6388 | Darchula/NC | Byas/NC |
| 21 | Lasa | 6189 | Darchula/NC | Byas/NC |
| 22 | Paldor Peak | 5903 | Dhading/Rasuwa | Ruby Valley/Parbati Kunda |
| 23 | Ganesh III | 7043 | Dhading/Rasuwa/NC | Parbati Kunda/Ruby Valley/NC |
| 24 | Cho Buje | 6686 | Dolakha | Gaurishankar |
| 25 | Jabou Ri | 6166 | Dolakha | Gaurishankar |
| 26 | Rolwaling Khang | 6664 | Dolakha | Gaurishankar |
| 27 | Takar Go | 6771 | Dolakha | Gaurishankar |
| 28 | Thakar Go East | 6152 | Dolakha | Gaurishankar |
| 29 | Yalung Ri | 5647 | Dolakha | Gaurishankar |
| 30 | Khang Karpo | 6646 | Dolakha/ Solukhumbu/NC | Khumbu Pasang Lhamu/Gaurishankar/NC |
| 31 | Chhopa Bamare | 6109 | Dolakha/NC | Bigu/NC |
| 32 | Korlang Pari Tippa | 5738 | Dolakha/NC | Bigu/NC |
| 33 | Bamon Go | 6406 | Dolakha/NC | Gaurishankar/NC |
| 34 | Bedding Go | 6125 | Dolakha/NC | Gaurishankar/NC |
| 35 | Cheki Go | 6121 | Dolakha/NC | Gaurishankar/NC |
| 36 | Dolma Khang | 6332 | Dolakha/NC | Gaurishankar/NC |
| 37 | Gauri | 6983 | Dolakha/NC | Gaurishankar/NC |
| 38 | Gaurishankar | 7135 | Dolakha/NC | Gaurishankar/NC |
| 39 | Khang Nachu Go | 6737 | Dolakha/NC | Gaurishankar/NC |
| 40 | Langdung | 6326 | Dolakha/NC | Gaurishankar/NC |
| 41 | Omi Tso Go | 6332 | Dolakha/NC | Gaurishankar/NC |
| 42 | Chukyima Go | 6258 | Dolakha/Ramechhap | Gaurishankar/Uma Kunda |
| 43 | LikhuChuli 2 | 6659 | Dolakha/Ramechhap | Gaurishankar/Uma Kunda |
| 44 | Ramdong Go | 5900 | Dolakha/Ramechhap | Gaurishankar/Uma Kunda |
| 45 | Likhu Chuli I | 6719 | Dolakha/Ramechhap/Solukhumbu | Khumbu Pasang Lhamu/Garishankar/Uma Kunda |
| 46 | Langdak | 6220 | Dolakha/Solukhumbu | Khumbu Pasang Lhamu |
| 47 | Langmoche Ri | 6617 | Dolakha/Solukhumbu | Khumbu Pasang Lhamu/Gaurishankar |
| 48 | Pharchamo | 6279 | Dolakha/Solukhumbu | Khumbu Pasang Lhamu/Gaurishankar |
| 49 | Raungsiyar | 6224 | Dolakha/Solukhumbu | Khumbu Pasang Lhamu/Gaurishankar |
| 50 | Tengi Ragi Tau | 6938 | Dolakha/Solukhumbu | Khumbu Pasang Lhamu/Gaurishankar |
| 51 | Thaknak Ri | 6757 | Dolakha/Solukhumbu | Khumbu Pasang Lhamu/Gaurishankar |
| 52 | Kalo Parbat | 5387 | Dolpa | Chharka Tongsong |
| 53 | Pota North | 6182 | Dolpa | Chharka Tongsong |
| 54 | Norbu Kang | 6085 | Dolpa | Dolpo Buddha NP |
| 55 | Kanjiroba Main | 6883 | Dolpa | Jagdulla |
| 56 | Tripura Hiun Chuli | 6553 | Dolpa | Jagdulla |
| 57 | Tso Karpo | 6522 | Dolpa | Jagdulla |
| 58 | Lhashamma | 6412 | Dolpa | Jagdulla/She Phoksundo |
| 59 | Shey Shikhar | 6139 | Dolpa | Jagdulla/She Phoksundo |
| 60 | Tso Karpo Khang | 6556 | Dolpa | Jagdulla/She Phoksundo |
| 61 | Khang Tokal | 6294 | Dolpa | Kaike/Chharka Tongsong |

| | | | | |
|---|---|---|---|---|
| 62 | Kanjerawa | 6612 | Dolpa | She Phoksundo |
| 63 | Kagmara | 5978 | Dolpa | She Phoksundo/Jagdulla/Tripura Sundari NP |
| 64 | Kangfu Gaton Kanta Gat | 5910 | Dolpa | Thuli Bheri NP/She Phoksundo |
| 65 | Hongde | 6556 | Dolpa/Mustang | Chharka Tongsong/Barhagau Muktiksetra |
| 66 | Mukot Himal | 6087 | Dolpa/Mustang | Chharka Tongsong/Barhagau Muktiksetra |
| 67 | Araniko Chuli | 6034 | Dolpa/Mustang/NC | Chharka Tongsong/Dalome/NC |
| 68 | Churen | 7385 | Dolpa/Myagdi | Chharka Tongsong/Dhawalagiri |
| 69 | Dhaulagiri V | 7618 | Dolpa/Myagdi | Chharka Tongsong/Dhawalagiri |
| 70 | Dhaulagiri II | 7751 | Dolpa/Myagdi | Chharka Tongsong/Dhawalagiri |
| 71 | Dhaulagiri III | 7715 | Dolpa/Myagdi | Chharka Tongsong/Dhawalagiri |
| 72 | Dhaulagiri IV | 7661 | Dolpa/Myagdi | Chharka Tongsong/Dhawalagiri |
| 73 | Sita Chuchura | 6611 | Dolpa/Myagdi | Chharka Tongsong/Dhawalagiri |
| 74 | Danfe Shail | 6103 | Dolpa/NC | She Phoksundo/NC |
| 75 | Khung | 6024 | Dolpa/NC | She Phoksundo/NC |
| 76 | Lungchhung | 6043 | Dolpa/NC | She Phoksundo/NC |
| 77 | Mariayang West | 6455 | Dolpa/NC | She Phoksundo/NC |
| 78 | Mariyang | 6528 | Dolpa/NC | She Phoksundo/NC |
| 79 | Swaksa Khang | 6405 | Dolpa/NC | She Phoksundo/NC |
| 80 | Tankya I | 6305 | Dolpa/NC | She Phoksundo/NC |
| 81 | Dogari Himal | 6536 | Dolpa/Rukum | Kaike/Putha Uttarganga |
| 82 | Putha Hiun Chuli | 7246 | Dolpa/Rukum/Myagdi | Kaike/Chharka Tongsong/Dhawalagiri/Putha Uttarganga |
| 83 | Chamar | 7161 | Gorkha | Chum Nubri |
| 84 | Chamar North | 7165 | Gorkha | Chum Nubri |
| 85 | Langju | 6426 | Gorkha | Chum Nubri |
| 86 | Pangpoche I | 6620 | Gorkha | Chum Nubri |
| 87 | Pangpoche II | 6504 | Gorkha | Chum Nubri |
| 88 | Rhimbu | 6210 | Gorkha | Chum Nubri |
| 89 | Rolmi | 6056 | Gorkha | Chum Nubri |
| 90 | Simnang Himal | 6251 | Gorkha | Chum Nubri |
| 91 | Tobsar | 6065 | Gorkha | Chum Nubri |
| 92 | Ganesh II | 7118 | Gorkha | Dharche |
| 93 | Ganesh VI | 6908 | Gorkha | Dharche |
| 94 | Ganesh IV | 7104 | Gorkha/Dhading | Dharche/Ruby Valley |
| 95 | Yangra South | 6863 | Gorkha/Dhading/NC | Dharche/Ruby Valley/NC |
| 96 | Dwijen Himal | 6169 | Gorkha/NC | Chum Nubri/NC |
| 97 | Gyala | 5973 | Gorkha/NC | Chum Nubri/NC |
| 98 | Jarkya Peak | 6473 | Gorkha/NC | Chum Nubri/NC |
| 99 | Khayang | 6186 | Gorkha/NC | Chum Nubri/NC |
| 100 | Lapuchun | 5960 | Gorkha/NC | Chum Nubri/NC |
| 101 | Pama Himal | 6300 | Gorkha/NC | Chum Nubri/NC |
| 102 | Pankar Himal | 6264 | Gorkha/NC | Chum Nubri/NC |
| 103 | Pashuwo | 6177 | Gorkha/NC | Chum Nubri/NC |
| 104 | Punchen Himal | 6049 | Gorkha/NC | Chum Nubri/NC |
| 105 | Samdo Peak | 6335 | Gorkha/NC | Chum Nubri/NC |
| 106 | Saula | 6235 | Gorkha/NC | Chum Nubri/NC |
| 107 | Swelo Khang | 6180 | Gorkha/NC | Chum Nubri/NC |
| 108 | Ganesh I | 7422 | Gorkha/NC | Dharche/NC |
| 109 | Aichyn | 6055 | Humla | Namkha |
| 110 | Ardang | 6034 | Humla | Namkha |
| 111 | Changwathang | 6130 | Humla | Simikot/Namkha |
| 112 | Phirankoph East | 6730 | Humla/Bajhang | Namkha/Kanda |
| 113 | Saipal | 7030 | Humla/Bajhang | Namkha/Kanda |
| 114 | Saipal East | 6907 | Humla/Bajhang | Namkha/Kanda/Himali |
| 115 | Chandi Himal | 6142 | Humla/NC | Chandi Himal/NC |
| 116 | Asajya Tuppa | 6265 | Humla/NC | Chankheli/NC |
| 117 | Gorakh Himal | 6088 | Humla/NC | Chankheli/NC |
| 118 | Gorakh Khang | 6055 | Humla/NC | Chankheli/NC |
| 119 | Changla | 6563 | Humla/NC | Kharpunath/NC |
| 120 | Lachama Chuli | 6721 | Humla/NC | Kharpunath/NC |
| 121 | Lachama North | 6628 | Humla/NC | Kharpunath/NC |
| 122 | Nala Kankar | 6062 | Humla/NC | Namkha/NC |
| 123 | Takphu Himal | 6395 | Humla/NC | Namkha/NC |
| 124 | Takphu North | 6142 | Humla/NC | Namkha/NC |
| 125 | Til Khang | 6369 | Humla/NC | Namkha/NC |
| 126 | Bijora Hiun Chuli | 6111 | Jumla | Patarasi |
| 127 | Dudh Kundali | 6045 | Jumla/Dolpa | Guthichaur/Jagdulla |

| | | | | |
|---|---|---|---|---|
| 128 | Jagdula Peak | 5761 | Jumla/Dolpa | Jagdulla/Patarasi |
| 129 | Kasi Dalpha | 6386 | Jumla/Dolpa | Jagdulla/Patarasi |
| 130 | Hiun Chuli | 6434 | Kaski | Annapurna |
| 131 | Singu Chuli | 6501 | Kaski | Annapurna |
| 132 | Tharpu Chuli | 5695 | Kaski | Annapurna |
| 133 | Gandharva Chuli | 6248 | Kaski | Machhapuchhre |
| 134 | Mardi Himal | 5553 | Kaski | Machhapuchhre |
| 135 | Annapurna IV | 7525 | Kaski | Machhapuchhre/Madi/Nesyang |
| 136 | Lamjung Himal | 6983 | Kaski/Manang | Madi/Chame |
| 137 | Annapurna II | 7937 | Kaski/Manang | Madi/Nesyang |
| 138 | Gangapurna | 7455 | Kaski/Manang | Nesyang/Annapurna |
| 139 | Gangapurna West | 7140 | Kaski/Manang | Nesyang/Annapurna |
| 140 | Tarke Khang | 7069 | Kaski/Manang | Nesyang/Annapurna |
| 141 | Annapurna III | 7555 | Kaski/Manang | Nesyang/Machhapuchhre |
| 142 | Himal Chuli West | 7540 | Lamjung | Marsyangdi/Dordi |
| 143 | Baudha Himal | 6672 | Lamjung/Gorkha | Dordi/Chum Nubri |
| 144 | Himal Chuli East | 7893 | Lamjung/Gorkha | Dordi/Chum Nubri |
| 145 | Himal Chuli North | 7331 | Lamjung/Gorkha | Marsyangdi/Chum Nubri |
| 146 | Amotsang Himal | 6393 | Manang | Nar Phu |
| 147 | Chhuboche | 5606 | Manang | Nar Phu |
| 148 | Gyajikang | 7074 | Manang | Nar Phu |
| 149 | Jomsom Himal | 6335 | Manang | Nar Phu |
| 150 | Nar Phu | 5921 | Manang | Nar Phu |
| 151 | Pokhar Khang | 6372 | Manang | Nar Phu |
| 152 | Karsang / UAAA Peak | 6476 | Manang | Nar Phu/Dalome |
| 153 | Phunge | 6538 | Manang | Nashong |
| 154 | Thulagi Peak | 7059 | Manang | Nashong |
| 155 | Himjung | 7092 | Manang | Nashong/Nar Phu |
| 156 | Himlung Himal | 7126 | Manang | Nashong/Nar Phu |
| 157 | Kang Garu | 6981 | Manang | Nashong/Nar Phu |
| 158 | Nemjung | 7140 | Manang | Nashong/Nar Phu |
| 159 | Tilje | 5696 | Manang | Nashong/Nar Phu |
| 160 | Chulu East | 6584 | Manang | Nesyang/Nar Phu |
| 161 | Chulu West | 6419 | Manang | Nesyang/Nar Phu |
| 162 | Jijang | 6111 | Manang | Nesyang/Nar Phu |
| 163 | Pisang | 6091 | Manang | Nesyang/Nar Phu |
| 164 | Harka Gurung Chuli | 7871 | Manang/Gorkha | Nashong/Chum Nubri |
| 165 | Larkya Peak | 6416 | Manang/Gorkha | Nashong/Chum Nubri |
| 166 | Manaslu | 8163 | Manang/Gorkha | Nashong/Chum Nubri |
| 167 | Manaslu North | 6994 | Manang/Gorkha | Nashong/Chum Nubri |
| 168 | Panbari | 6905 | Manang/Gorkha | Nashong/Chum Nubri |
| 169 | Phu Khang Go | 6767 | Manang/Gorkha/NC | Nashong/Chum Nubri/NC |
| 170 | Khangsar Khang | 7485 | Manang/Myagdi/Kaski | Nesyang/Annapurna/Annapurna |
| 171 | Himlung East | 6932 | Manang/NC | Nar Phu/Nashong/NC |
| 172 | Chako | 6704 | Manang/NC | Nar Phu/NC |
| 173 | Hulang Go | 6687 | Manang/NC | Nar Phu/NC |
| 174 | Lugula | 6899 | Manang/NC | Nar Phu/NC |
| 175 | Phu Khang | 6694 | Manang/NC | Nar Phu/NC |
| 176 | Phu khang North | 6580 | Manang/NC | Nar Phu/NC |
| 177 | Phungi | 6524 | Manang/NC | Nar Phu/NC |
| 178 | Ratna Chuli | 7035 | Manang/NC | Nar Phu/NC |
| 179 | Cheo Himal | 6820 | Manang/NC | Nashong/NC |
| 180 | Peri Himal | 6296 | Manang/NC | Nashong/NC |
| 181 | Thoche Go | 6602 | Manang/NC | Nashong/NC |
| 182 | Bhulu Lhasa | 6102 | Mugu | Mugu Makarmarong |
| 183 | Kanjiroba North | 6858 | Mugu/Dolpa | Jagdulla/Mugu Makarmarong |
| 184 | Patrasi | 6450 | Mugu/Dolpa | Jagdulla/Mugu Makarmarong |
| 185 | Sanctuary Peak | 6207 | Mugu/Dolpa | Jagdulla/Mugu Makarmarong |
| 186 | Yara Chuli | 6236 | Mugu/Dolpa/NC | She Phoksundo/Mugu Makarmarong/NC |
| 187 | Kande Hiun Chuli | 6627 | Mugu/Jumla/Dolpa | Patarasi/Mugu Makarmarong/Jagdulla |
| 188 | Changdi | 6623 | Mugu/NC | Mugu Makarmarong/NC |
| 189 | Kaipuchonam Main | 6329 | Mugu/NC | Mugu Makarmarong/NC |
| 190 | Kanti East | 6516 | Mugu/NC | Mugu Makarmarong/NC |
| 191 | Kanti Himal | 6850 | Mugu/NC | Mugu Makarmarong/NC |
| 192 | Khaptang | 5965 | Mugu/NC | Mugu Makarmarong/NC |
| 193 | Kogi Khang North | 6275 | Mugu/NC | Mugu Makarmarong/NC |
| 194 | Kojichwa Chuli | 6439 | Mugu/NC | Mugu Makarmarong/NC |
| 195 | Kojichwa South | 6264 | Mugu/NC | Mugu Makarmarong/NC |

| | | | | |
|---|---|---|---|---|
| 196 | Mayung Thang Khang | 6449 | Mugu/NC | Mugu Makarmarong/NC |
| 197 | Takla Khang | 6276 | Mugu/NC | Mugu Makarmarong/NC |
| 198 | Bhrikuti | 6476 | Mustang | Dalome |
| 199 | Gaugiri | 6110 | Mustang | Dalome |
| 200 | Tashi Khang | 6386 | Mustang | Gharpajhong/Barhagau Muktiksetra |
| 201 | Tsartse | 6343 | Mustang | Gharpajhong/Barhagau Muktiksetra |
| 202 | Thapa Peak | 6012 | Mustang | Thasang/Gharpajhong |
| 203 | Chhib Himal | 6650 | Mustang/Manang | Dalome/Nar Phu |
| 204 | Kang Kuru | 6355 | Mustang/Manang | Nar Phu/Dalome |
| 205 | Khumjung Himal | 6759 | Mustang/Manang | Nar Phu/Dalome |
| 206 | Saribung | 6328 | Mustang/Manang | Nar Phu/Dalome |
| 207 | Khatung Khang | 6484 | Mustang/Manang | Nesyang/Barhagau Muktiksetra |
| 208 | Purbung | 6500 | Mustang/Manang | Nesyang/Barhagau Muktiksetra |
| 209 | Purkung | 6126 | Mustang/Manang | Nesyang/Barhagau Muktiksetra |
| 210 | Thorong Peak | 6144 | Mustang/Manang | Nesyang/Barhagau Muktiksetra |
| 211 | Yakwa Khang | 6482 | Mustang/Manang | Nesyang/Barhagau Muktiksetra |
| 212 | Bhrikuti Shail | 6361 | Mustang/Manang/NC | Dalome/NarPhu/NC |
| 213 | Nilgiri North | 7061 | Mustang/Myagdi | Gharpajhong/Annapurna |
| 214 | Nilgiri South | 6839 | Mustang/Myagdi | Thasang/Annapurna |
| 215 | Tukuche Peak | 6920 | Mustang/Myagdi | Thasang/Dhawalagiri |
| 216 | Nilgiri Central | 6940 | Mustang/Myagdi | Thasang/Gharpajhong/Annapurna |
| 217 | Dhechyan Khang | 6019 | Mustang/NC | Dalome/NC |
| 218 | Ghyun Himal I | 6099 | Mustang/NC | Lomanthang/NC |
| 219 | Mansail | 6235 | Mustang/NC | Lomanthang/NC |
| 220 | Mansail South | 6248 | Mustang/NC | Lomanthang/NC |
| 221 | Mustang Himal | 6179 | Mustang/NC | Lomanthang/NC |
| 222 | Dhaulagiri VI | 7268 | Myagdi | Dhawalagiri |
| 223 | Ghustung North | 6529 | Myagdi | Dhawalagiri |
| 224 | Ghustung South | 6465 | Myagdi | Dhawalagiri |
| 225 | Gurja Himal | 7193 | Myagdi | Dhawalagiri |
| 226 | Kambong | 6570 | Myagdi | Dhawalagiri |
| 227 | Dhaulagiri I | 8167 | Myagdi | Dhawalgiri/Raghuganga |
| 228 | Manapathi | 6380 | Myagdi | Dhawalgiri/Raghuganga |
| 229 | Annapurna I | 8091 | Myagdi/Kaski | Annapurna |
| 230 | Annapurna South | 7219 | Myagdi/Kaski | Annapurna |
| 231 | Khangsar Khang West | 7555 | Myagdi/Kaski | Annapurna |
| 232 | Varaha Shikhar | 7647 | Myagdi/Kaski | Annapurna |
| 233 | Tilicho Peak | 7134 | Myagdi/Manang | Nesyang/Annapurna |
| 234 | Paniyotippa | 6687 | Ramechhap/Solukhumbu | Khumbu Pasang Lhamu/Uma Kunda |
| 235 | Numbur | 6958 | Ramechhap/Solukhumbu | Solu Dudh KundaNP/Khumbu Pasang Lhamy/Uma Kunda |
| 236 | Bhemdang Ri | 6150 | Rasuwa | Gosai Kunda |
| 237 | Ganchenpo | 6378 | Rasuwa | Gosai Kunda |
| 238 | Ghenye Liru | 6596 | Rasuwa | Gosai Kunda |
| 239 | Kyunga Ri I | 6599 | Rasuwa | Gosai Kunda |
| 240 | Langshisha Ri | 6412 | Rasuwa | Gosai Kunda |
| 241 | Langtang Lirung | 7227 | Rasuwa | Gosai Kunda |
| 242 | Yala | 5732 | Rasuwa | Gosai Kunda |
| 243 | Yubra Himal | 6264 | Rasuwa | Gosai Kunda |
| 244 | Dhagpache | 6567 | Rasuwa/NC | Gosai Kunda/NC |
| 245 | Gurkarpo Ri | 6889 | Rasuwa/NC | Gosai Kunda/NC |
| 246 | Kyunga Ri II | 6506 | Rasuwa/NC | Gosai Kunda/NC |
| 247 | Langtang Ri | 7205 | Rasuwa/NC | Gosai Kunda/NC |
| 248 | Pangri Goldumba | 6620 | Rasuwa/NC | Gosai Kunda/NC |
| 249 | Pem Thang Karpo Ri | 6865 | Rasuwa/NC | Gosai Kunda/NC |
| 250 | Peri | 6174 | Rasuwa/NC | Gosai Kunda/NC |
| 251 | Salbachum | 6707 | Rasuwa/NC | Gosai Kunda/NC |
| 252 | Thakmorpa Ri | 6185 | Rasuwa/NC | Gosai Kunda/NC |
| 253 | Ganesh V | 6770 | Rasuwa/NC | Parbati Kunda/NC |
| 254 | Baden Powell Scout Peak | 5857 | Rasuwa/Sindhupalchok | Helambu/Gosai Kunda |
| 255 | Urkenmang | 6143 | Rasuwa/Sindhupalchok | Jugal/Gosai Kunda |
| 256 | Dorje Lyakpa | 6966 | Rasuwa/Sindhupalchok | Jugal/Gosai Kunda/Panch Pokhari Thangpal |
| 257 | Ghanja La Chuli | 5863 | Rasuwa/Sindhupalchok | Panch Pokhari Thangpal/Gosai Kunda |
| 258 | Leonpo Gang | 6979 | Rasuwa/Sindhupalchok/NC | Gosai Kunda/Jugal/NC |
| 259 | Sisne | 5911 | Rukum | Athbiskot/Sisne |
| 260 | Peak 4 | 6287 | Sankhuwasabha | Makalu |
| 261 | Tutse | 6758 | Sankhuwasabha | Makalu |

| | | | | |
|---|---|---|---|---|
| 262 | Saldim | 6374 | Sankhuwasabha/NC | Makalu/Bhot Khola/NC |
| 263 | Chago | 6893 | Sankhuwasabha/NC | Makalu/NC |
| 264 | Makalu I | 8463 | Sankhuwasabha/NC | Makalu/NC |
| 265 | Makalu II | 7678 | Sankhuwasabha/NC | Makalu/NC |
| 266 | Pethangtse | 6739 | Sankhuwasabha/NC | Makalu/NC |
| 267 | Pethangtse East | 6572 | Sankhuwasabha/NC | Makalu/NC |
| 268 | Saldim West | 6388 | Sankhuwasabha/NC | Makalu/NC |
| 269 | Sherson | 6432 | Sankhuwasabha/NC | Makalu/NC |
| 270 | Sherson North West | 6682 | Sankhuwasabha/NC | Makalu/NC |
| 271 | Yaupa | 6422 | Sankhuwasabha/NC | Makalu/NC |
| 272 | Lumba Sumba Peak | 5740 | Sankhuwasabha/Taplejung | Bhot Khola/Mikwa Khola |
| 273 | Bhairav Takura | 6799 | Sindhupalchok/NC | Jugal/NC |
| 274 | Gyalzen Peak | 6151 | Sindhupalchok/NC | Jugal/NC |
| 275 | Leonpo Gang East | 6733 | Sindhupalchok/NC | Jugal/NC |
| 276 | Phurbi Chyachu | 6637 | Sindhupalchok/NC | Jugal/NC |
| 277 | Yangri | 6635 | Sindhupalchok/NC | Jugal/NC |
| 278 | Abi | 6043 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 279 | Agole East | 6675 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 280 | Ama Dablam | 6814 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 281 | Amphu Gyabjen | 5630 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 282 | Chhukung Chuli | 5833 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 283 | Chola Tse | 6423 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 284 | Chumbu | 6859 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 285 | Imjatse | 6165 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 286 | Khangchung(UIAA Peak | 6063 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 287 | Khangtega | 6783 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 288 | Khongma Tse | 5849 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 289 | Kusum Kanguru | 6370 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 290 | Kwangde | 6011 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 291 | Kyashar | 6770 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 292 | Kyazo Ri | 6151 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 293 | Lobuje East | 6090 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 294 | Lobuje West | 6135 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 295 | Lung Sampa | 6500 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 296 | Luza | 5710 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 297 | Machhermo | 5559 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 298 | Malangphulang | 6573 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 299 | Nheserku | 5897 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 300 | Nirekha | 6159 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 301 | Nup Tse | 7864 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 302 | Phari Lapcha | 6017 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 303 | Pokhalde | 5780 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 304 | Tawoche | 6495 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 305 | Tengkhangpoche | 6482 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 306 | Thamserku | 6618 | Solukhumbu | Khumbu Pasang Lhamu |
| 307 | Amphu I | 6740 | Solukhumbu | Khumbu Pasang Lhamu/Mahakulung |
| 308 | Ombigaichan | 6340 | Solukhumbu | Khumbu Pasang Lhamu/Mahakulung |
| 309 | Peak 41 | 6648 | Solukhumbu | Khumbu Pasang Lhamu/Mahakulung |
| 310 | Mera Peak | 6470 | Solukhumbu | Mahakulung |
| 311 | Mera South | 6064 | Solukhumbu | Mahakulung |
| 312 | Naulekh | 6340 | Solukhumbu | Mahakulung |
| 313 | Karyolung | 6530 | Solukhumbu | Solu Dudh KundaNP/Khumbu Pasang Lhamy/Uma Kunda |
| 314 | Khatang | 6790 | Solukhumbu | Solu Dudh KundaNP/Khumbu Pasang Lhamy/Uma Kunda |
| 315 | Hillary Peak | 7681 | Solukhumbu/NC | Khumbu Pasang Lhamu |
| 316 | Pumo RI | 7138 | Solukhumbu/NC | Khumbu Pasang Lhamu |
| 317 | Burke Khang | 6942 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/BC |
| 318 | Cho Oyu | 8201 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 319 | Dingjung North | 6249 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 320 | Dingjung Ri | 6196 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 321 | Freindship Peak | 6592 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 322 | Gyachung Khang | 7952 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 323 | Hunchhi | 7029 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 324 | Jasemba Go | 6734 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 325 | Jobo Rinjang | 6781 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 326 | Khangri Shar | 6792 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 327 | Khangri West | 6667 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |

| | | | | |
|---|---|---|---|---|
| 328 | Khumbutse | 6639 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 329 | Lho Tse | 8516 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 330 | Lho Tse Middle | 8410 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 331 | Lho Tse Shar | 8400 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 332 | Lingtren | 6713 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 333 | Nagpai Gosum I | 7350 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 334 | Nagpai Gosum II | 7307 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 335 | Ngojumba Khang | 7743 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 336 | Nupla Khang | 6861 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 337 | Pangbuk Ri | 6625 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 338 | Pasang Lhamu Chuli | 7350 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 339 | Rongshar Ri I | 6900 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 340 | Sagarmatha | 8848 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 341 | Shanti Shikhar | 7591 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 342 | Tenzing Peak | 7916 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 343 | Tharke Khang | 6710 | Solukhumbu/NC | Khumbu Pasang Lhamu/NC |
| 344 | Cho Polu | 6700 | Solukhumbu/Sankhuwasabha | Makalu/Khumbu Pasang Lhamu |
| 345 | Numri | 6635 | Solukhumbu/Sankhuwasabha | Makalu/Khumbu Pasang Lhamu |
| 346 | Barun Tse | 7152 | Solukhumbu/Sankhuwasabha | Makalu/Mahakulung |
| 347 | Chamlang | 7321 | Solukhumbu/Sankhuwasabha | Makalu/Mahakulung |
| 348 | Hongu | 6764 | Solukhumbu/Sankhuwasabha | Makalu/Mahakulung |
| 349 | Hunku Chuli | 6833 | Solukhumbu/Sankhuwasabha | Makalu/Mahakulung |
| 350 | Chota Ri | 6985 | Solukhumbu/Sankhuwasabha | Makalu/Mahakulung/Khumbu Pasang Lhamu |
| 351 | Ek Rate Danda | 6213 | Solukhumbu/Sankhuwasabha | Silichong/Mahakulung |
| 352 | Shartse II | 7457 | Solukhumbu/Sankhuwasabha/NC | Makalu/Khumbu Pasang Lhamu/NC |
| 353 | Anidesh Chuli | 6808 | Taplejung | Phaktanglung |
| 354 | Bokta | 6114 | Taplejung | Phaktanglung |
| 355 | Chang Himal | 6802 | Taplejung | Phaktanglung |
| 356 | Chhochenphu Himal | 6260 | Taplejung | Phaktanglung |
| 357 | Danga | 6220 | Taplejung | Phaktanglung |
| 358 | Drohmo | 6881 | Taplejung | Phaktanglung |
| 359 | Khangbachen | 7902 | Taplejung | Phaktanglung |
| 360 | Kumbhakarna | 7711 | Taplejung | Phaktanglung |
| 361 | Lhonak | 6070 | Taplejung | Phaktanglung |
| 362 | Merra | 6334 | Taplejung | Phaktanglung |
| 363 | Mojka Peak | 6024 | Taplejung | Phaktanglung |
| 364 | Nangamari II | 6209 | Taplejung | Phaktanglung |
| 365 | Pandra | 6660 | Taplejung | Phaktanglung |
| 366 | Phole | 6645 | Taplejung | Phaktanglung |
| 367 | Ramtang | 6601 | Taplejung | Phaktanglung |
| 368 | Sat Peak | 6164 | Taplejung | Phaktanglung |
| 369 | Sharphu I | 6433 | Taplejung | Phaktanglung |
| 370 | Sharphu II | 6328 | Taplejung | Phaktanglung |
| 371 | Sharphu III | 6220 | Taplejung | Phaktanglung |
| 372 | Sharphu IV | 6172 | Taplejung | Phaktanglung |
| 373 | Sharphu V | 6158 | Taplejung | Phaktanglung |
| 374 | Sharphu VI | 6076 | Taplejung | Phaktanglung |
| 375 | Sobithongie | 6652 | Taplejung | Phaktanglung |
| 376 | Suyaokhang | 5929 | Taplejung | Phaktanglung |
| 377 | Taple Shikhar | 6447 | Taplejung | Phaktanglung |
| 378 | Tengkoma | 6215 | Taplejung | Phaktanglung |
| 379 | Tsisima | 6196 | Taplejung | Phaktanglung |
| 380 | Yalung Khang | 8505 | Taplejung | Phaktanglung |
| 381 | Yalung Khang West | 8077 | Taplejung | Phaktanglung |
| 382 | Chabuk | 6792 | Taplejung/NC | Phaktanglung/NC |
| 383 | Chaw Peak | 6404 | Taplejung/NC | Phaktanglung/NC |
| 384 | Dzaneye I | 6581 | Taplejung/NC | Phaktanglung/NC |
| 385 | Dzaneye II | 6318 | Taplejung/NC | Phaktanglung/NC |
| 386 | Ghanyala Hies | 6744 | Taplejung/NC | Phaktanglung/NC |
| 387 | Janak Chuli | 7041 | Taplejung/NC | Phaktanglung/NC |
| 388 | Kyabura | 6466 | Taplejung/NC | Phaktanglung/NC |
| 389 | Loshar I | 6842 | Taplejung/NC | Phaktanglung/NC |
| 390 | Loshar II | 6803 | Taplejung/NC | Phaktanglung/NC |
| 391 | Nangamari I | 6547 | Taplejung/NC | Phaktanglung/NC |
| 392 | Ohmi Khang | 6839 | Taplejung/NC | Phaktanglung/NC |
| 393 | Pabuk Khang | 6244 | Taplejung/NC | Phaktanglung/NC |
| 394 | Yanme Khang | 6206 | Taplejung/NC | Phaktanglung/NC |

| | | | | |
|---|---|---|---|---|
| 395 | Jongsang Peak | 7462 | Taplejung/NC/NI | Phaktanglung/NC/NI |
| 396 | Dome Khang | 7264 | Taplejung/NI | Phaktanglung/NI |
| 397 | Gimigela Chuli | 7350 | Taplejung/NI | Phaktanglung/NI |
| 398 | Kabru | 7318 | Taplejung/NI | Phaktanglung/NI |
| 399 | Kabru Central | 7412 | Taplejung/NI | Phaktanglung/NI |
| 400 | Kanchenjunga Central | 8473 | Taplejung/NI | Phaktanglung/NI |
| 401 | Kanchenjunga Main | 8586 | Taplejung/NI | Phaktanglung/NI |
| 402 | Kanchenjunga North | 7938 | Taplejung/NI | Phaktanglung/NI |
| 403 | Kanchenjunga South | 8476 | Taplejung/NI | Phaktanglung/NI |
| 404 | Khambachen East | 7784 | Taplejung/NI | Phaktanglung/NI |
| 405 | Kirat Chuli | 7362 | Taplejung/NI | Phaktanglung/NI |
| 406 | Kokthang | 6148 | Taplejung/NI | Phaktanglung/NI |
| 407 | Langchung Khang | 6786 | Taplejung/NI | Phaktanglung/NI |
| 408 | Langpo Peak | 6965 | Taplejung/NI | Phaktanglung/NI |
| 409 | Nepal Gyap Peak | 7007 | Taplejung/NI | Phaktanglung/NI |
| 410 | Nepal Peak | 7177 | Taplejung/NI | Phaktanglung/NI |
| 411 | Pathibhara Chuli | 7140 | Taplejung/NI | Phaktanglung/NI |
| 412 | Pathibhara East | 6825 | Taplejung/NI | Phaktanglung/NI |
| 413 | Rathong | 6682 | Taplejung/NI | Phaktanglung/NI |
| 414 | Talung | 7349 | Taplejung/NI | Phaktanglung/NI |

स्वीकृत मिति २०८२/०८/२८ मा. मन्त्रीस्तरबाट ।

# हिमाल सफा राख्ने सम्बन्धी कार्ययोजना

# (२०८२-२०८६)

नेपाल सरकार

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

सिंहदरबार, काठमाडौ नेपाल।

२०८२ मंसिर

परिच्छेद एकः परिचय

# १.१ पृष्ठभूमि

विश्वको सर्वोच्च विन्दु "सगरमाथा" लगायतका हिमाल साहसिक र अन्वेषणात्मक खोजकर्ताहरुका लागि उत्प्रेरक र आकर्षणको केन्द्र बन्दै आएको छ। देवचुली, चोमोलुङ्मा, नौबन्धन, पन्ध्रौं चुली आदि नामले प्रसिद्धि कमाएको सर्वोच्च शिखरले बेलायती सर्भेयर जर्ज एभरेष्टको नामबाट Everest "अङ्ग्रेजी" नाम र इतिहास शीरोमणि बाबुराम आचार्यबाट "सगरमाथा" नेपाली नाम जुराएपछि यो चुचुरोले संसारको ध्यान आकर्षित गर्यो। सन् १९५३ मे २९ मा न्युजिल्याण्डका एडमण्ड हिलारी र नेपालका तेञ्जिङ्ग नोर्गे शेर्पाले पहिलो पटक चुचुरोको सफल आरोहण गरे पछि विश्वभर सगरमाथाको चर्चा चुलिएको देखिन्छ।

सन् १९५३ पछि संसारको सर्वोच्च शिखर सगरमाथा र उच्च हिमाली क्षेत्रको भूगोल, पर्यावरण, जैविक विविधता आदि बारेमा नजिकबाट जान्न, अनुभव गर्न र प्राकृतिक चुनौतिहरुसँग सामना गर्दै सगरमाथा लगायत अग्ला चुचुराहरुको सफल आरोहण गर्न चाहने स्वदेशी तथा विदेशी पर्वतारोहीहरुको सङ्ख्या बढ्दै गएको देखिन्छ। यससँगै पर्वतारोहणका क्रममा पर्वतारोहीहरुले प्रयोग गर्ने जैविक तथा अजैविक वस्तुहरुको परिमाण बढ्दै गएको छ।

सगरमाथा लगायत नेपालका सयौं हिमाल, हजारौं हिमाली पाटनहरु, हिमताल तथा हिमनदिहरु, हिमाली क्षेत्रको जैविक विविधता र वन्यजन्तुहरु पर्यटन प्रयोजनका लागि अतुलनीय सम्पदाहरु हुन्। नेपालको साहसिक पर्यटन उद्योगको धमनी हाम्रो हिमाल स्वच्छ जल भण्डार पनि हो। हजारौं नदि तथा खोलाहरुको माध्यमबाट करोडौं मानव, जीवजन्तु, वनस्पति आदिको प्राण बचाउने स्वच्छ पानीको भण्डार पनि हिमालय क्षेत्र नै हो। यस अर्थमा हिमाल आरोही, पदयात्रीहरुले प्रयोग गर्ने तथा पर्वतारोहीबाट उत्पन्न हुने मल-मुत्र, मृत शरीर, क्यान, बोतल, प्लाष्टिक, टेण्ट, पाउच, झोला, खोल लगायतका वस्तुहरुको उचित व्यवस्थापन हुन नसके हिमाली क्षेत्रको पर्यावरणमा नकारात्मक असर पर्छ।

# १.२ नेपालको भौगोलिक विशिष्टता

विश्वभर पहिचान भएका आठ हजार मिटर भन्दा अग्ला १४ हिमाल मध्ये नेपालमा सगरमाथा, मकालु, कञ्चनजङ्घा, लोत्से, चोयु, धौलागिरी, मनास्लु र अन्नपूर्ण गरी ८ वटा हिमाल अवस्थित छन् । समुद्र सतहबाट ६० मिटरदेखि ८८४८.८६ मिटरसम्मको भौगोलिक र धरातलीय विशेषता भएको नेपालमा २८ वटा हिमश्रृंखलाहरु छन्। यी हिम श्रृंखलाहरु ६००० भन्दा बढी साना ठुला नदी तथा खोलाहरुको प्रमुख श्रोत समेत हुन् । नेपाल भरिमा ५३५८ तालहरु छन् भने २३२३ वटा हिमतालका साथै अनौठा कुण्ड, झरना, हिमनदीहरु छन्। त्यसैगरी विश्वका ६ हजार मिटर माथिका हिमाल मध्ये १३१० हिमाल नेपालमा छन्।

यहि कारण नेपालले "हिमालयको देश" को उपमासहित विश्व समुदायमाझ छुट्टै पहिचान बनाएको छ भने ५००० मिटर माथिका हजारौं हिमचुचुराहरुले नेपालको प्राकृतिक सुन्दरता र वैभवतालाई सगरमाथा जत्तिकै अग्लो बनाएका छन्। यहि कारण संसारभरका साहसिक पर्वतारोही, भौगोलिक अध्येता, अन्वेषक र

खोजकर्ताहरुका लागि नेपाल अद्वितीय र निर्विकल्प गन्तव्य बन्दै आएको छ। यो नेपालका लागि राम्रो अवसर पनि हो।

## १.३ हिमाल आरोहणको बढ्दो आकर्षण र यसका चुनौती

पर्यटन क्षेत्रमा सूचना प्रविधिको प्रयोग, नेपालको बाह्य जगतसँगको सम्पर्क विस्तार, पर्यटन पूर्वाधारको विस्तार, होटल तथा आतिथ्यता क्षेत्रको विस्तारका कारण नेपालको पर्यटन उद्योग फस्टाउने क्रममा छ। पर्वतारोहणका नयाँ गन्तब्यहरु पहिचान हुँदै जानु र राज्यका नीति तथा कार्यक्रमहरुले पर्यटन क्षेत्रलाई प्राथमिकता दिँदै जानुले पनि नेपालको हिमालप्रति विदेशी तथा नेपालीको आकर्षण बढ्दै गएको हो। विगत दशकहरु देखिनै हिमचुचुराहरुको आरोहणमा विश्वभरका आरोहीको उत्साह बढेको छ र यो मुलुकको समृद्धिका लागि हितकर पनि छ।

तर, हिमाल आरोहीको सङ्ख्या बढेसँगै स्थानीय वातावरण, जैविक विविधता, प्रदूषण, फोहर उत्सर्जन लगायतका चुनौतिहरु थपिँदै गएका छन्। यी चुनौतिहरु समाधान गर्न पर्वतारोहीले कति सामग्री बोक्ने, कुन-कुन र कस्ता सामग्री पर्वतारोहीले लिएर जान सक्ने, प्रयोग भइसकेका सामग्रीहरुको व्यवस्थापन कसरी गर्ने, मल मुत्र लगायत प्रयोग भइ सकेका सड्ने र नसड्ने सामग्रीहरु कसरी व्यवस्थापन गर्ने आदि बारेका नियम, मापदण्ड र नियामक औजारहरु कार्यान्वयनमा छन् । तथापि भौगोलिक विकटता, कमजोर पूर्वाधार, आधुनिक प्रविधिको कमी आदिका कारण अपेक्षा गरिएको उपलब्धि प्राप्तिमा कठिनाइ भइरहेको अवस्था छ।

फोहर व्यवस्थापन र हिमाली क्षेत्रको स्वच्छता कायम राखी यसको दिगो प्रयोग सुनिश्चित गर्नु आवश्यक छ। यसका लागि हिमालसँग प्रत्यक्ष सरोकार राख्ने नेपाल सरकार मातहतका सम्बन्धित मन्त्रालय र विभागहरु, प्रदेश र स्थानीय तह, स्वच्छ हिमाल अभियानमा आबद्ध सङ्घ-संस्था, समुदाय तथा अन्तराष्ट्रिय साझेदारहरुको प्रयासलाई एकीकृत र समन्वयात्मक तरिकाले परिचालन गर्न र स्वच्छ हिमालको अस्तित्व बचाई राख्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। सगरमाथा राष्ट्रिय निकुञ्ज, खुम्बु क्षेत्र लगायत अन्य हिमालमा समेत आरोहीको चाप बढ्दै गएका कारण पर्वतारोहण र पदयात्राका क्रममा निस्कने सबै प्रकारका फोहरहरुको उचित व्यवस्थापन तथा नियमन गर्ने कार्यलाई प्रभावकारी बनाइ यस क्षेत्रको फोहर व्यवस्थापनका लागि रणनीतिक प्रयास गर्नु आजको आवश्यकता हो ।

# परिच्छेद दुई

# हिमालको फोहर व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषण

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

## २.१ नीतिगत र कानूनी व्यवस्था

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकारलाई मौलिक अधिकार अन्तर्गत समेटेको छ। संविधानले वातावरण प्रदूषणका कारण कसैको स्वास्थ्यमा असर पारेको प्रमाणित भए प्रदूषकबाट प्रदूषण पीडितलाई क्षतिपुर्ति दिलाउन कानुनी व्यवस्था मिलाउनु पर्ने गरी नियामक निकायलाई जिम्मेवारी दिएको छ।नेपालका आवधिक योजनाहरुमा दिगो विकास लक्ष्यको कार्यान्वयन गरी नागरिकहरुको दिगो जीवनयापनका माध्यमहरु सुनिश्चित गर्ने अवधारणा कार्यान्वयन हुँदै आईरहेको छ। हाल कार्यान्वयनमा रहेको सोह्रौं पञ्चवर्षीय योजनाले पनि फोहर व्यवस्थापन, न्यूनीकरण र वातावरण बचाउका लागि उच्च प्राथमिकता सहित विशेष कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ।

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक सुनिश्चित गरेको छ । संविधानको अनुसूचीमा सङ्घ, प्रदेश र स्थानीय तहहरुलाई दिएका एकल तथा साझा अधिकारको सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, वन ऐन, २०७६, फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा फोहरमैला व्यवस्थापन नियमावली, २०७०, पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७०, प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ र वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८ जस्ता नीति तथा कानूनले फोहर व्यवस्थापनका लागि कानूनी प्रबन्ध गरेका छन्।

फोहरमैला व्यवस्थापन ऐन २०६८ को परिच्छेद २ को दफा ३ ले फोहरमैला सङ्कलन, न्यूनीकरण तथा निष्कासन सम्बन्धी व्यवस्था गरेको छ। यसमा स्थानान्तरण केन्द्र, ल्यान्डफिल्ड साईट, कम्पोष्ट प्लान्ट, बायो ग्याँस प्लान्ट लगायत फोहरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्नु पर्ने व्यवस्था गरेको छ। यसकारण हिमाली क्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने कार्यका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहले व्यवस्था गरेका नीति, रणनीति, ऐन, कार्यविधि, कार्यक्रम आदि हिमाली क्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने उद्देश्यले कार्यान्वयनमा आएका छन्।

## २.२ हिमालको फोहर व्यवस्थापनबारे भएका विगतका प्रयासहरु

सन् १९५३ बाट शुरु भएको हिमाल आरोहण पश्चात हिमालको फोहर व्यवस्थापन गर्ने कार्य सरकारी गैरसरकारी तथा निजी क्षेत्रबाट उच्च प्राथमिकता सहित कार्य भइरहे पनि स्थायी समाधान हुन बाँकी नै छ। सगरमाथाको फोहर तथा मृत मानव शरीर सङ्कलन र व्यवस्थापनका लागि हालसम्म भएका प्रयासहरु यसप्रकार छन्।

- केन नेगुची (जापानिज आरोही) को अगुवाइमा सन् २००० बाट शुरु भएको सफाई अभियानले सन् २००७ सम्ममा ९० क्विन्टल फोहर सगरमाथा क्षेत्रबाट सङ्कलन गरेको थियो। यो अभियान पाँच पटक चलाइएको थियो।
- सन् २००८ मा एसियन ट्रेकिङले आरोहणसँगैको एभरेस्ट एक्सपिडिसन-अभियान सुरु गरेको थियो। यसको उद्देश्य आरोहण दलले आरोहण गरी फर्कदा फोहर लिएर आउनु थियो। यो अभियानले ११ बर्षमा २० हजार किलोग्राम फोहर व्यवस्थापन गरेको थियो।
- सन् २०१० मा ३१ जना सगरमाथा आरोहीको समूहले सगरमाथाको आठ हजार मिटरभन्दा माथिका क्षेत्रमा सफाइ अभियान सञ्चालन गरेको थियो। एक्सट्रिम एभरेस्ट एक्सपिडिसन २०१० नाम दिइएको अभियानले आठ हजार मिटर माथिबाट १८०० किलोग्राम फोहर र दुईवटा मानव शव सङ्कलन गरेको थियो।
- पर्यटन विभागले सन् २०११ को वसन्त ऋतुदेखि सगरमाथा आरोहणबाट फर्किने स्वदेशी तथा विदेशीहरूले ८ किलोग्राम फोहर ल्याउनुपर्ने नियमलाई कार्यान्वयन गरिरहेको छ र यसले फोहर व्यवस्थापनमा राम्रो नतिजा दिएको पाइन्छ।
- सन् २०११ मा सगरमाथा आरोही सङ्घको नेतृत्व र संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयको सहकार्यमा क्याम्प २ सम्म सगरमाथा सफाइ अभियान सञ्चालन गरिएको थियो। अभियानबाट आधार शिविरदेखि आठ हजार सात सय मिटरसम्मको उचाइबाट ८.१ मेट्रिक टन फोहर सङ्कलन गरिएको थियो।
- सन् २०१९ को वसन्त ऋतुमा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, सगरमाथा राष्ट्रिय निकुञ्ज नाम्चे, नेपाली सेना, नेपाल पर्वतारोहण सङ्घ, खुम्बु पासाङल्हामु गाउँपालिका, सगरमाथा प्रदूषण नियन्त्रण समितिलगायत स्थानीय सङ्घसंस्था र समुदायको संयुक्त प्रयासमा सगरमाथाको सरसफाइ अभियान सञ्चालन भएको थियो। उक्त अभियानले ५६९४ किलोग्राम फोहर आधार शिविरबाट र ४६९२ किलोग्राम दोस्रो क्याम्पबाट सङ्कलन गरेको थियो।
- सन् २०१९ को बसन्त ऋतुमा सगरमाथा आधार शिविर र माथिल्लो क्षेत्रबाट ३००० किलोग्राम फोहर नेपाली सेनाको हेलिकप्टरबाट सङ्कलन गरी ल्याईएको थियो।
- स्वच्छ पर्वतीय पर्यटन सुधार सुझाव समिति, २०७६ ले सगरमाथा क्षेत्रको फोहर व्यवस्थापनका लागि प्रस्ताव गरेका प्रावधानहरुलाई कार्यान्वयन गरिदै आएको छ। खुम्बु पासाङ्ल्हामु गाउँपालिका सोलुखुम्बुले सगरमाथा आधार शिविर व्यवस्थापन कार्यविधि, २०८० जारी गरी सगरमाथा क्षेत्रको फोहर व्यवस्थापन सम्बन्धमा विशेष मापदण्ड तोकी कार्यान्वयनमा ल्याएको छ।
- सगरमाथा प्रदूषण नियन्त्रण समिति (SPCC) ले वि.सं.२०८१ को वसन्त ऋतुमा ल्होत्से, नुप्सेसहित सगरमाथा क्षेत्रबाट सामान्य फोहर २७,९९० किलोग्राम, धातुजन्य ७५१८ किलोग्राम, मानव मलमुत्र २७,५३३ किलोग्राम, भान्साबाट उत्पन्न भएको फोहर १४,१५० किलोग्राम गरी जम्मा ७७,१९१ किलोग्राम फोहर सङ्कलन गरी व्यवस्थापन गरेको छ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा पर्यटन विभागको सहकार्यमा सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC) ले सगरमाथाको आधार शिविरभन्दा माथिबाट प्रति आरोही ८ किलोग्राम फोहर अनिवार्य फिर्ता ल्याउनुपर्ने प्रावधानलाई पूर्ण कार्यान्वयनमा ल्याएको छ र यो कार्य सन् २०१६ देखि निरन्तर हुँदै आएको छ।

- वि.सं. २०८१ को वसन्त ऋतुमा नेपाली सेनाको टोलीले ११,००० किलोग्राम फोहर र ५ वटा मृत मानव शरीर सङ्कलन गरी व्यवस्थापन गरेको थियो।
- सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC), खुम्बु पासाङ्गल्हामु गाउँपालिका, स्थानीय शेर्पा समुदाय, होटल व्यवसायीहरुको सामूहिक प्रयासबाट खुम्बु क्षेत्रको फोहर व्यवस्थापनमा उल्लेख्य सहयोग हुँदै आएको छ र यसमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP), अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले आवश्यक सहयोग पुर्याउँदै आएका छन्।
- **"सगरमाथा सरसफाई अभियान २०१९"** खुम्बु पासाङल्हामु गाउँपालिकाको अगुवाई तथा सगमाथा प्रदुषण नियन्त्रण समिति (SPCC) को सहकार्यमा सञ्चालन भएको थियो। उक्त अभियानको दौरान नेपाली सेनाले संयुक्त रुपमा सगरमाथा र ल्होत्से हिमाल सफाई गरेको थियो भने सो अभियानमा २,८०० किलोग्राम कुहिने, ८००० किलोग्राम नकुहिने गरी जम्मा १०,८०० किलोग्राम फोहर र ४ वटा मानव शव सङ्कलन गरिएको थियो।
- नेपाली सेनाले सगरमाथा सरसफाई अभियान २०१९ देखि हालसम्म सञ्चालित **"सफा हिमाल अभियान"** को दौरान २१,८७५ किलोग्राम कुहिने ९७,१८१ किलोग्राम नकुहिने गरी जम्मा १,१९,०५६ किलोग्राम फोहर तथा १२ मानव शव र ४ मानव अस्थिपञ्जर समेत सङ्कलन गरेको छ।

## २.३. वर्तमान अवस्था

खुम्बु क्षेत्रको फोहरमैला व्यवस्थापनमा सगरमाथा प्रदूषण नियन्त्रण समिति (SPCC-Sagarmatha Pollution Control Committee) नामक संस्था कार्यरत छ। उक्त संस्थालाई फोहर व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहले जिम्मेवारी समेत दिएको छ। पर्वतारोहण सम्बन्धी नियमाली,२०५९ छैठौं संशोधनले गरेको व्यवस्था बमोजिम हाल सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC), र खुम्बु पासाङल्हामु गाउँपालिकाको सहकार्यमा सन् २०२४ देखि आधार शिविर भन्दामाथि आरोहीहरुको मलमुत्र व्यवस्थापन गर्न पुप ब्याग (Poop Bag) अनिवार्य गरिएको छ। फोहरमैला व्यवस्थापनका लागि सम्बन्धित पर्वतारोहण सञ्चालकहरुलाई Polluters Pay Principle का आधारमा फोहरमैलाको वर्गीकरण गरी व्यवस्थापन शुल्क तिर्नुपर्ने प्रावधान राखिएको छ।अन्य हिमालको सन्दर्भमा सम्बन्धित स्थानीय तहहरुले फोहरमैला व्यवस्थापन गरेको पत्र (Garbage Clearance Letter) दिने गरेको छ। अन्नपुर्ण हिमालको सवालमा अन्नपूर्ण संरक्षण क्षेत्रबाट उक्त पत्र दिने गरेको पाईन्छ।

# ३.१ सन्दर्भ

आरोहण अनुमति पाएका हिमाली चुचुराहरुमा आरोहीहरुबाट उत्सर्जन भएको फोहरमैलाको परिमाण बढ्दै गएको छ। यसले स्थानीय पर्यावरण, प्राकृतिक सुन्दरता, वातावरणीय स्वच्छता र नेपालका प्राकृतिक धरोहरको रुपमा चिनिने उच्च हिमालय क्षेत्रको प्राकृतिक सौन्दर्यतामा असर परेको छ। नेपालको संविधान, वर्तमान ऐन कानूनहरुले हिमाललाई प्रदूषण रहित स्वच्छ राख्नुपर्ने नीतिगत प्रावधानको लागि नेपाल सरकार सम्बन्धित मन्त्रालय, विभाग, स्थानीय तह, सुरक्षा निकाय, हिमाल आरोहण कार्यमा संलग्न ईकाई वा संस्थाको एकीकृत र समायोजित सहकार्य आवश्यक छ।

एउटा आरोहीले सुरक्षित आरोहण सम्पन्न गरी फिर्ता आउँदासम्मका फरक-फरक चरणहरुमा फरक-फरक निकाय, विभाग, संस्था, एकाइ वा व्यक्तिहरुसँग समन्वय र सहकार्य गर्नुपर्ने व्यवस्था छ । यसले हिमालको सुन्दरता, स्वच्छता र वातावरण सन्तुलन कायम राख्न चुनौती थपिरहेको छ।तसर्थ, हिमाल आरोहीहरुबाट उत्सर्जन हुने फोहरमैला व्यवस्थित गर्न हिमाली क्षेत्रको वातावरणीय जोखिम न्यूनीकरण गर्न, हिमाल आरोहणको प्रक्रियालाई कार्यान्वयन गर्न जिम्मेवार सबै सरोकारवालाहरु समेटेर एकिकृत र समायोजित फोहरमैला व्यवस्थापन रणनीति तयार गरी स्वच्छ हिमाल र सुरक्षित आरोहण अभियानलाई व्यवस्थित बनाउन आवश्यक भएकाले यो कार्ययोजना तर्जुमा गरिएको हो।

# ३.२ समस्या तथा चुनौति

सरकारले तोकेको मापदण्डभित्र रहेर हिमाल आरोहण गर्नका लागि विश्वका जो कसैले अनुमति पाउन सक्छन्। अनुमति प्राप्त आरोहीहरुका लागि आरोहण गर्ने क्षमता, सीप र सम्भावित जोखिमबाट बच्ने उपायहरु बारेको ज्ञान सीमित हुने भएकाले आरोहीहरुले सहयोगी राख्नु आवश्यक छ। आरोहणको क्रममा पालना गर्नुपर्ने वातावरणीय मापदण्ड, फोहर तथा मलमुत्रको व्यवस्थापन, खाद्य तथा उपयोगका सामग्रीहरु बोक्न प्रयोग हुने झोला, खोल आदि कहाँ बिसर्जन गर्ने, बिसर्जन गर्दा कस्तो बिधि अपनाउने र सही व्यवस्थापन नगरेका कारण हुनसक्ने वातावरणीय क्षति आँकलन गर्न सबै आरोही सक्षम हुँदैनन्। यही कारण पर्वतारोही आफैं फोहर व्यवस्थापन बारेमा जति सम्वेदनशील हुनुपर्ने हो त्यति हुन नसकेको अवस्था छ।

सुरुवाती चरणमा हिमाल आरोहीहरु फोहर व्यवस्थापनमा कम ध्यान दिने गर्दथे। यसो गर्दा आरोही र उनीहरुका सहयोगीले लगेका विविध वस्तुहरुका अवशेषहरु फोहरको रुपमा फ्याँक्ने गरिएको र यसबाट हुने वातावरणीय क्षतीबारे कम ध्यान दिईएको थियो। आरोहीहरुद्वारा आरोहणका क्रममा प्रयोग गरिसकेका सामग्रीहरु पदमार्गको दायाँबायाँ यत्रतत्र रुपमा छाड्ने गरिएकोले चिसोको कारण सो फोहर बर्षौंसम्म पनि उस्तै अवस्थामा रहेको। पछिल्ला वर्षहरुमा सगरमाथा लगायत आरोहण अनुमति प्राप्त हिमाल चढ्ने पदमार्ग दायाँबायाँ, आधार शिविर, आवास क्याम्प वरपर प्रयोग गरी छाडिएका वस्तुहरु थपिँदै गएका। प्रभावकारी अनुगमन र नियमन नहुँदा हिमाली क्षेत्रमा वर्षेनी फोहर बढ्दै गएको ।

नेपालमा हिमाल आरोहण अनुमति दिने, आरोहण कार्यलाई सहजीकरण गर्ने, आरोहण बारेका आचार संहिता कार्यान्वयन गराउने, आरोहण मापदण्ड पालना भए/नभएको निरीक्षण गर्ने निकायहरु फरक-फरक छन्। यसमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, आरोहण सहजीकरण दल, नेपाली सेना, होटल व्यवसायी, स्थानीय सरकार, फोहर तथा वातावरणको क्षेत्रमा काम गर्दै आएका सङ्घ संस्थाहरु लगायतको जिम्मेवारी रही आएको छ। निजी, सामुदायिक र सार्वजनिक संयन्त्रको संयुक्त संलग्नतामा हिमाल आरोहणलाई स्वच्छ, सुरक्षित र पर्यावरणमैत्री बनाउन सम्बद्ध पक्षको जिम्मेवारी, भूमिका र जवाफदेहीता किटानी हुन नसक्दा दिगो र प्रभावकारी हिमाल आरोहण सुनिश्चित गर्न चुनौति रहेको छ।

## ३.३ कार्ययोजनाको आवश्यकता

सुरुवाती चरणदेखि नै सगरमाथा लगायतका खुम्बु क्षेत्रमा आरोहणका लागि खुला गरिएका हिमालहरुको फोहर व्यवस्थापन प्रभावकारी नभएकाले फोहरको उचित व्यवस्थापन हालसम्म पनि प्रभावकारी हुन सकेन। आरोहीको सङ्ख्या बढ्दै जाँदा फोहरको परिमाण पनि बढ्यो तर यसको व्यवस्थापनका लागि सक्षम र साधन स्रोत सम्पन्न संयन्त्र बन्न सकेको छैन। आरोहणका साझेदार र सरोकारवाला निकायहरुको बीचमा फोहर व्यवस्थापन बारेको निर्दिष्ट जिम्मेवारी लिने निकायको पहिचान र जिम्मेवारी तोक्ने नीतिगत र कानूनी आधार पनि बन्न सकेन। सङ्घीयता कार्यान्वयन भए पश्चात स्थानीय तहहरु, स्रोत संरक्षण र वातावरण व्यवस्थापन गर्ने कार्यका लागि जिम्मेवार भए पनि हिमाली क्षेत्रको फोहर व्यवस्थापन गर्न आवश्यक पर्ने स्रोत-साधनहरु, यन्त्र उपकरणहरु र फोहर व्यवस्थापनका लागि दक्ष मानव साधन स्थानीय तहसँग नभएको।

यसबाट स्थानीय तहले फोहरमैला व्यवस्थापन बारेको कानूनी अधिकार र जिम्मेवारी पाए तापनि स्रोत-साधन र दक्ष जनशक्ति अभावमा अपेक्षाकृत प्रतिफल प्राप्त हुन सकेन। तसर्थ पर्वतारोहण र पर्वतीय क्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वस्तुपरक रणनीतिक योजना आवश्यक भएकाले यो कार्ययोजनाको दस्तावेज तयार पारिएको छ।

## ३.४ दीर्घकालीन सोच

सफा हिमाल, स्वच्छ वातावरण।

## ३.५ लक्ष्य

फोहरमैलाको दिगो व्यवस्थापनद्वारा सफा हिमाल, स्वच्छ वातावरण सुनिश्चित गर्ने।

## ३.६ उद्देश्य

१. हिमाल आरोहण र यससँग सम्बन्धित कार्यबाट सिर्जित फोहरमैला र शव व्यवस्थापन कार्यलाई मार्गदर्शन गर्नु।
२. फोहरमैलाबाट हुने वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्नु।

३. फोहरमैला व्यवस्थापनमा बहुसरोकारवाला सहकार्य ढाँचा विकास गरी कार्यान्वयन गर्नु।
४. हिमाल आरोहणका क्रममा उत्सर्जन हुने फोहरमैला व्यवस्थापनमा नवीनतम प्रविधिको उपयोग गर्नु ।

## ३.७ फोहरमैला व्यवस्थापनका रणनीति

हिमालको फोहर व्यवस्थापनको कार्य प्रभावकारी तुल्याउन देहायका रणनीतिहरु अबलम्बन गरिनेछ।

१. पर्वतारोहण प्रक्रियाका पूर्व तयारी, आरोहण अनुमति लगायत फोहरमैला व्यवस्थापन धरौटी फिर्तासम्मका प्रत्येक चरणमा फोहरमैला व्यवस्थापन कार्यलाई प्राथमिकता सहित समायोजन गर्दै जाने।
२. पर्वतारोहण व्यवस्थापन गर्ने कार्यमा संलग्न सरकारी, गैरसरकारी, सामुदायिक र संस्थागत सरोकारवालाहरुमा फोहरमैला व्यवस्थापन सम्बन्धमा समान धारणा तथा जिम्मेवारी अभिबृद्धि गर्ने गरी बहुसरोकारवाला सहकार्यको ढाँचा अबलम्बन गर्ने।
३. हिमाल आरोही र तीनका सहयोगीहरुबाट उत्सर्जन हुने सबैखाले फोहर व्यवस्थापन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, सूचना प्रविधि र आवश्यक उपकरणहरुको व्यवस्था गर्ने।
४. फोहरमैला व्यवस्थापन कार्य प्रभावकारी बनाउन आधुनिक प्रविधि र दक्ष जनशक्ति विकासका कार्यक्रम सञ्चालन गर्ने।
५. हिमाली क्षेत्रको फोहरमैला व्यवस्थापनमा न्यूनतम् मापदण्ड, गुणस्तर र दिगोपनाका आधार तय गरी लागू गराउने।

## ३.८ कार्ययोजना कार्यान्वयन निर्देशक समिति

यस कार्ययोजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तह समेतको प्रतिनिधित्व हुने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवको संयोजकत्वमा कार्ययोजना कार्यान्वयन निर्देशक समितिको गठन गरिनेछ। उक्त समितिको काम, कर्तब्य र अधिकार यसप्रकार हुनेछ।

- फोहर व्यवस्थापन सम्बन्धमा नीतिगत मार्गदर्शन दिने।
- फोहर व्यवस्थापन कार्यमा सहकार्य र समन्वय गर्ने/गराउने।
- फोहर व्यवस्थापनका लागि आवश्यक स्रोत परिचालन गर्ने/गराउने।
- फोहर व्यवस्थापनका कार्यक्रम र प्रयासको पुनरावलोकन र मूल्याङ्कन गर्ने
- फोहर व्यवस्थापन कार्यको नियमित अनुगमन गर्ने/गराउने।

## ३.९ रणनीति कार्यान्वयन कार्ययोजना

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| रणनीति १ | पर्वतारोहण प्रक्रियाका पूर्व तयारी, आरोहण अनुमति लगायत फोहरमैला व्यवस्थापन धरौटी फिर्तासम्मका प्रत्येक चरणमा फोहरमैला व्यवस्थापन कार्यलाई प्राथमिकता सहित समायोजन गर्दै जाने। | | | | | | | | |
| कार्यक्रम/क्रियाकलाप | पर्वतारोहण अनुमतिपत्र जारी गर्दाका वखत गरिने ब्रिफिङमा सफा हिमाल सम्बन्धी अभिमुखीकरणको विषय समेतलाई समावेश गर्ने। सम्बन्धित टोली नेता, पर्वतारोहण दलका सदस्य, एजेन्सी र सम्पर्क अधिकृतबाट फोहरमैला व्यवस्थापनको लिखित प्रतिवद्धता लिने व्यवस्था गर्ने। | | | | | | पर्यटन विभाग | SPCC, नेपाल पर्वतारोहण संघ | प्रथम चरणमै फोहरमैला व्यवस्थापनको विषयमा अभिमुखीकरण भएको हुने। |
| कार्यक्रम/क्रियाकलाप | हिमालको चुचुरासम्मको बाटो खोल्ने (Rope/Route Fixing) कार्य गर्ने जिम्मेवारी दिदाँ उक्त कार्यमा प्रयोग हुने सामग्री आरोहण समय सम्पन्न भएपश्चात अनिवार्यरुपमा फिर्ता ल्याउनुपर्ने शर्त तोक्ने। फोहरमैला व्यवस्थापन कार्यमा संलग्न निकायले रोप फिक्सिङ कार्यमा प्रयोग हुने डोरी, भऱ्याङ लगायतका सामग्रीको अभिलेख राखी आरोहण पश्चात सोही परिमाणमा उक्त सामग्री फिर्ता ल्याएको सुनिश्चितता गर्ने। | | | | | | पर्यटन विभाग | SPCC, नेपाल पर्वतारोहण संघ, आरोहण संचालक संघ (EOA), अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP), स्थानीय तहहरु | फिक्सिङ कार्यमा प्रयोग भएका सामग्री फिर्ता भएको हुने। |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| कार्यक्रम/ क्रियाकलाप | पर्वतारोहण दलका सदस्यहरुले आफूसँग लैजाने सामानहरुको सूची (Inventory) तयार गरी पर्वतारोहणको प्रस्थान विन्दु (Entry Point) मा उक्त सामानहरु प्रविष्ट (Entry) गर्ने र पर्वतारोहण गरी फर्कने क्रममा फिर्ता ल्याएका सामानहरु अनिवार्य रुपमा बहिर्गमन विन्दू (Exit Point) मा प्रविष्ट गर्ने व्यवस्था गर्ने। | | | | | | पर्यटन विभाग | SPCC, नेपाल पर्वतारोहण संघ, EOA, ACAP, स्थानीय तहहरु | फोहरमैला ट्र्याकिङ्ग सिस्टम लागू भएको हुने |
| कार्यक्रम/ क्रियाकलाप | हिमाल सरसफाई सम्बन्धमा सम्बन्धित स्थानीय तहले निर्माण गरेका कानूनसँग सामञ्जस्यता कायम हुने गरी फोहरमैला व्यवस्थापन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने। फोहरमैला व्यवस्थापन ऐन, २०६८ मा हिमालमा उत्सर्जन हुने फोहरमैलाको विषय समावेश गरी सामयिक बनाउन समन्वय गर्ने। | | | | | | सं.प.ना.उ. मन्त्रालय | पर्यटन बोर्ड, SPCC | कानूनी सामञ्जस्यता कायम भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | सगरमाथाको हकमा दोस्रो क्याम्पमा अस्थायी संकलन केन्द्रको व्यवस्था गर्ने। क्याम्प २ भन्दा माथि फोहर हुन नदिन र भएको फोहर घटाउन विभागले तोकेको न्यूनतम परिणामको फोहर प्रत्येक पर्वतारोहण दल र आरोहीहरुले फिर्ता ल्याई क्याम्प २ मा अनिवार्यरूपमा बुझाउनु | | | | | | पर्यटन विभाग | स्थानीय तह, SPCC | क्याम्प २ भन्दा माथिको फोहरमैला व्यवस्थापन भएको हुने। |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| | पर्ने। | | | | | | | | |
| रणनीति २ | **पर्वतारोहण व्यवस्थापन गर्ने कार्यमा संलग्न सरकारी, गैरसरकारी, सामुदायिक र संस्थागत सरोकारवालाहरुमा फोहरमैला व्यवस्थापन सम्बन्धमा समान धारणा तथा जिम्मेवारी अभिवृद्धि गर्ने गरी बहुसरोकारवाला सहकार्यको ढाँचा अवलम्बन गर्ने।** | | | | | | | | |
| कार्यक्रम/ क्रियाकलाप | फोहरमैला व्यवस्थापनका साथै हिमाली एवम् पर्वतीय पर्यटन प्रवर्द्धनका लागि तहगत, निकायगत एवम् कार्यगत सहकार्यको लागि संघ, प्रदेश र स्थानीय तहका प्रतिनिधि तथा सम्बद्ध सरोकारवाला सम्मिलित फोहरमैला व्यवस्थापन अनुगमन तथा सहजीकरण संयन्त्र निर्माण गर्ने। (वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज, नेपाल पर्वतारोहण संघ, EOA, HRA, NNMGA, IFMGA) | | | | | | सं.प.ना.उ. मन्त्रालय | वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, पर्यटन बोर्ड, नेपाल पर्वतारोहण संघ, SPCC | संयन्त्र निर्माण भई जिम्मेवारी बाँडफाँट भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | पर्वतारोहण गतिविधि बढी हुने हिमालको आधार शिविरमा पर्वतारोहणको प्रमुख सिजन वसन्त र शरद् ऋतु (Spring and Autumn Season) मा पर्यटन विभाग, SPCC, नेपाल पर्वतारोहण संघ, EOA/HRA तथा स्थानीय तहसमेतका बहुसरोकारवाला सम्मिलित अस्थायी फिल्ड कार्यालयको स्थापना गरी नियमित अभिमुखीकरण, अनुगमन तथा सहजीकरणको प्रवन्ध मिलाउने। | | | | | | पर्यटन विभाग | स्थानीय तह, पर्यटन बोर्ड, नेपाल पर्वतारोहण संघ, SPCC | नियमित अभिमुखीकरण का साथै अनुगमन भएको हुने। |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| कार्यक्रम/ क्रियाकलाप | पर्वतारोहणसँग सम्बन्धित सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रका सरोकारवालासँग निरन्तर छलफल तथा अन्तर्क्रियाको माध्यमबाट सघन सहकार्य स्थापित गर्दै फोहरमैला व्यवस्थापन सम्बन्धमा समान धारणा र साझा मनोविज्ञानको विकास गर्ने। | | | | | | पर्यटन विभाग | स्थानीय तह, नेपाल पर्वतारोहण संघ, SPCC | समान धारणाको विकास भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | पर्वतारोहण कार्यमा संलग्न एजेन्सी, गाइड तथा आरोहीलाई फोहर फिर्ता ल्याउन र व्यवस्थापनमा यथोचित सतर्कता (Due Diligence) सहित जिम्मेवार बन्ने बनाउने। | | | | | | पर्यटन विभाग | प्रदेश सरकार, स्थानीय तह, पर्यटन बोर्ड, नेपाल पर्वतारोहण संघ, SPCC | कानूनले तोकेका मापदण्ड प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | हिमालको सामर्थ्य वा वहन क्षमता, आरोहणको लागि उपलब्ध हुने छोटो अनुकूल मौसम (Weather Window) तथा हिमालमा हुन सक्ने भिडलाई दृष्टीगत गर्दै आरोहीको संख्या र समय तोक्ने गरी कानूनी एवम् नीतिगत प्रबन्ध गर्ने। | | | | | | सं.प.ना.उ. मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, नेपाल पर्वतारोहण संघ, SPCC | आरोहीको संख्या र समयका सम्बन्धमा नीतिगत प्रबन्ध भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | पर्वतारोहीबाट फोहरमैला व्यवस्थापन वापत लिँदै आएको धरौटीलाई पर्वतीय सरसफाई शुल्कमा रुपान्तरण गरी वातावरण संरक्षण तथा पर्वतारोही | | | | | | सं.प.ना.उ. मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय | कानूनी प्रबन्ध भएको हुने। |

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| | कल्याणकारी कोषको रुपमा प्रयोग गर्ने गरी कानूनी प्रबन्ध गर्ने। | | | | | | | तह, पर्यटन विभाग, नेपाल पर्वतारोहण संघ, SPCC | |
| कार्यक्रम/ क्रियाकलाप | पर्वतारोहण वापतको रोयल्टी तीनै तहमा बाँडफाँट हुने हुँदा सबै तहगत सरकारले आफ्नो बजेट निर्माण गर्दा हिमाल सफाइको लागि छुट्टै र पर्याप्त बजेट विनियोजन गरी सफा हिमाल कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्ने। | | | | | | सं.प.ना.उ. मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, पर्यटन विभाग, नेपाल पर्वतारोहण संघ, SPCC | हिमाल सरसफाई कार्यमा बजेट विनियोजन भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | पुरानो फोहर तथा मानव शवको व्यवस्थापन गर्न Clean up Campaign प्रत्येक वर्ष पर्यटन विभागको फिल्ड अफिस वा पर्यटन विभागद्वारा अधिकार प्राप्त सङ्घ संस्थाहरुको अगुवाइमा सञ्चालन गर्ने। | | | | | | पर्यटन विभाग | स्थानीय तह, SPCC | पुरानो फोहरको व्यवस्थापन भएको हुने। |
| **रणनीति ३** | **हिमाल आरोही एवं सहयोगीहरुबाट उत्सर्जन हुने सबैखाले फोहर व्यवस्थापन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, सूचना प्रविधि र आवश्यक उपकरणहरुको व्यवस्था गर्ने।** | | | | | | | | |
| कार्यक्रम/ क्रियाकलाप | सफा हिमाल सम्बन्धी सूचना, तालीम तथा प्रचार-प्रसारको लागि | | | | | | पर्यटन विभाग | प्रदेश सरकार, | विषयवस्तुको जानकारी |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| | छापा तथा विद्युतीय माध्यमका Information, Education and Communication (IEC) Materials उत्पादन गरी तीनै तहमा/तहले व्यापक प्रचार प्रसार गर्ने।<br><br>सफा हिमाल सम्बन्धी विषयलाई आरोहण गतिविधि बढी हुने हिमालहरु अवस्थित स्थानीय तहको पाठ्यक्रममा समावेश गर्ने। | | | | | | | स्थानीय तह, पर्यटन बोर्ड, नेपाल पर्वतारोहण संघ, SPCC, EOA | भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | फोहरमैला उत्सर्जन, सङ्कलन र व्यवस्थापन कार्यलाई व्यवस्थित बनाउनुका साथै हिमाल तथा जैविक विविधताको संरक्षण र सम्बर्द्धन गरी पर्वतारोहणलाई सुरक्षित बनाउन आवश्यक यन्त्र, उपकरण र पूर्वाधार सहितको दिगो र प्रभावकारी सूचना व्यवस्थापन प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउने। | | | | | | पर्यटन विभाग | स्थानीय तह, SPCC | सूचना व्यवस्थापन प्रणालीको विकास भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | सफा हिमाल कार्यक्रम अन्तरगत साझेदारहरु बीच कम्तिमा वर्षको २ पटक (आरोहण सुरु हुन भन्दा कम्तिमा १५ दिन अगावै) अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने। | | | | | | पर्यटन विभाग | स्थानीय तह, नेपाल पर्वतारोहण संघ, SPCC, EOA | अन्तरक्रिया कार्यक्रम संचालन भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | हिमालको आधार शिविर वा आधार शिविरको पायक पर्ने स्थानमा फोहरको वर्गीकरण, सङ्कलन तथा प्रशोधन केन्द्रको निर्माण गर्ने। | | | | | | पर्यटन विभाग, स्थानीय तह | प्रदेश सरकार, SPCC | संकलन तथा प्रशोधन केन्द्रको निर्माण भएको हुने। |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| कार्यक्रम/ क्रियाकलाप | आरोहण गतिविधि अधिक हुने प्रमुख हिमालको आधार शिविर भन्दा माथिको फोहरमैला सङ्कलनका लागि रोपवे तथा ड्रोनको सम्भाव्यता अध्ययन गर्ने। | | | | | | पर्यटन विभाग, | स्थानीय तह, नेपाल पर्वतारोहण संघ, SPCC | सम्भाव्यता अध्ययन भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | मानव शवको अवस्थिति पहिचान गर्ने कार्यका लागि सहज हुने GPS Tracking Systemको प्रयोग अभ्यास परीक्षण गर्ने। | | | | | | पर्यटन विभाग, नेपाल पर्वतारोहण संघ | नेपाल पर्वतारोहण संघ, SPCC, EOA | अभ्यास परिक्षण भएको हुने। |
| **रणनीति ४** | फोहरमैला व्यवस्थापन कार्य प्रभावकारी बनाउन आधुनिक प्रविधि र दक्ष जनशक्ति विकासका कार्यक्रम सञ्चालन गर्ने। | | | | | | | | |
| कार्यक्रम/ क्रियाकलाप | हिमालको आधार शिविरभन्दा माथिको फोहरमैला र शव व्यवस्थापन तथा अनुगमन गर्नका लागि तालिम प्राप्त अनुभवी पर्वतारोहीहरुको समुह (रेञ्जर टिम) गठन गरी सुस्पष्ट जिम्मेवारी सहित परिचालन गर्ने। | | | | | | पर्यटन विभाग, SPCC | प्रदेश सरकार, स्थानीय तह, नेपाल पर्वतारोहण संघ | रेन्जर टिम गठन भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | आधार शिविर भन्दा माथि लगिने ब्यानर, झण्डा,Prayer Flag आदि Bio-degradable (प्राकृतिकरुपमा सड्ने प्रकारको) हुनु पर्ने र लम्बाई समेत निश्चित गरिनु पर्ने, यदि Non Bio-degradable (प्राकृतिकरुपमा नसड्ने) प्रकारको भए फिर्ता ल्याए/नल्याएको यकिन गर्ने। | | | | | | पर्यटन विभाग | स्थानीय तह, SPCC | फोहरमैला व्यवस्थापनमा सहयोग पुग्ने। |
| कार्यक्रम/ क्रियाकलाप | पर्वतारोहणसम्बन्धी तालिम प्रदान गर्ने सङ्घ संस्थाहरु (नेपाल पर्वतारोहण संघ) लाई फोहरमैला | | | | | | पर्यटन विभाग, SPCC | प्रदेश सरकार, स्थानीय | फोहरमैला व्यवस्थापन सम्बन्धी तालिम |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| | आरोही विज्ञको समेत सहभागितामा तालिम दिन लगाउने व्यवस्था मिलाउने। | | | | | | | तह, नेपाल पर्वतारोहण संघ | प्रदान भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | हिमाल सफाइको कार्यमा विशेष योगदान पुऱ्याउने व्यक्ति, संस्था तथा निकायको वस्तुनिष्ठ मूल्याङ्कन गरी Rating, Grading तथा सम्मान र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। | | | | | | पर्यटन विभाग, | स्थानीय तह, SPCC | सम्मान र प्रोत्साहन कार्यक्रम संचालन भएको हुने। |
| **रणनीति ५** | **हिमाली क्षेत्रको फोहरमैला व्यवस्थापनमा न्यूनतम् मापदण्ड, गुणस्तर र दिगोपनाका आधार तय गरी लागू गराउने।** | | | | | | | | |
| कार्यक्रम/ क्रियाकलाप | फोहरमैलाको वर्गीकरण र व्यवस्थापनको गुणस्तर तथा मापदण्ड बनाई लागू गर्ने। | | | | | | पर्यटन विभाग | स्थानीय तह, SPCC | मापदण्ड निर्माण भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | हिमालमा रहेको फोहरमैला तथा शवको वास्तविक अवस्था यकिन गरी सरसफाईको लागि पृष्ठपोषण प्राप्त गर्न अन्तराष्ट्रिय स्तरका विज्ञ समेत सम्मिलित तेश्रो पक्ष मूल्याङ्कन तथा Due Diligence Audit गर्ने। | | | | | | पर्यटन विभाग | स्थानीय तह, SPCC | हिमालमा रहेको फोहरमैला तथा शवको वास्तविक अवस्थाको सम्बन्धमा जानकारी भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | फोहरमैला व्यवस्थापनको वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गर्ने। | | | | | | पर्यटन विभाग | स्थानीय तह, SPCC | वार्षिक प्रगति प्रतिवेदन तयार भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | न्यून कार्वन उत्सर्जनका वावजुद पनि जलवायु परिवर्तनको प्रतिकूल असर नेपालका हिमालहरुमा उच्च रहेको सन्दर्भमा जलवायु | | | | | | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, | पर्यटन विभाग | सफा हिमाल अभियानका लागि वैकल्पिक स्रोतको |

| शीर्षक | कार्यक्रम/क्रियाकलाप | कार्यान्वयन वर्ष २०८२/८३-२०८६/८७ | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| | कुटनीतिको प्रभावकारी प्रयोग गरी अन्तर्राष्ट्रिय जलवायु वित्त तथा हानी नोक्सानी कोष (Climate Fund and Loss and Damage Fund) मा पहुँच अभिवृद्धि गर्दै सफा हिमाल अभियानको लागि दीर्घकालीन स्रोतको सुनिश्चितता गर्ने। | | | | | | सं.प.ना.उ. मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | | व्यवस्थापन भएको हुने |
| कार्यक्रम/ क्रियाकलाप | Base Camp भन्दा माथि बाटो बनाउन जिम्मेवारी पाएका सङ्घ संस्थाहरुले फोहरमैला आरोही तथा अनुगमन समेत गर्नु पर्ने व्यवस्था गर्ने। | | | | | | पर्यटन विभाग | स्थानीय तह, SPCC | फोहरमैला व्यवस्थापन तथा अनुगमन समेत भएको हुने। |
| कार्यक्रम/ क्रियाकलाप | सगरमाथाको आधार शिविर स्थानान्तरणका लागि आवश्यक सम्भाव्यता अध्ययन गर्ने। | | | | | | सं.प.ना.उ. मन्त्रालय | पर्यटन विभाग, स्थानीय तह, SPCC | सम्भाव्यता अध्ययन भएको हुने। |